उच्च अदालत पाटनबाट श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन गरिएको सूचना !

यस अदालतमा मुद्दाको कारवाही प्रक्रियालाई सूचना प्रविधिको प्रयोगमार्फत छिटो, छरितो र पहुँचयोग्य बनाउन "अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८" को व्यवस्था बमोजिम उच्च अदालत पाटनमा श्रव्यदृश्य संवादको प्रयोग सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ।

१. श्रव्यदृश्य संवाद मार्फत गरिने कार्यहरू यसप्रकार छन्।

क) पक्राउ अनुमति, जरुरी पक्राउ पूर्जीको स्वीकृति र हिरासतमा राख्ने आदेश।
ख) थुनछेक सम्बन्धी कार्य, बयान र बकपत्र ।
ग) कानून व्यवसायीहरूको बहस पैरवी ।

२. श्रव्यदृश्य संवाद मार्फत सुनुवाई गर्न चाहने पक्ष वा कानून व्यवसायीले यसैसाथ संलग्नको अनुसूचीको ढाँचामा अदालतमा निवेदन दिनुपर्नेछ।

३. श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाईमा संलग्न हुँदा अनुशासन, पोशाक र समयलाई उचित ध्यान दिनु पर्नेछ। अदालतले उपलब्ध गराएको संवादको लिङ्क अन्य कसैलाई उपलब्ध गराउन तथा बाहिरी कक्षमा कुनै उपकरणबाट रेकर्डिङ गर्न वा फोटो खिच्न जस्तो निषेधित कार्य गर्न गराउन पाइने छैन।

४. श्रव्यदृश्य संवाद मार्फत सुनुवाईको लागी आवश्यक क्षमताको इन्टरनेट, क्यामेरा, माइक्रोफोन र वैकल्पिक ऊर्जाको उचित व्यवस्था मिलाउनु पर्नेछ। प्राविधिक कारणले संवाद अवरुद्ध भएमा टेलिफोन संवाद मार्फत समेत बहसलाई निरन्तरता गर्न सकिनेछ ।

५. कारागारमा रहेका थुनुवा/कैदीहरुलाई मुद्दाको सुनुवाई प्रकृयामा श्रव्यदृश्य मार्फतसेवा उपलब्ध गराउन सम्बन्धित कारागार व्यवस्थापन समिति श्रव्यदृश्य संवादको लागी आवश्यक व्यवस्थापन गरी यस अदालतको सूचना प्रविधि शाखासित समन्वय गर्न सकिनेछ।

६. सम्पर्क तथा समन्वयः सूचना प्रविधि शाखाका देहायका कर्मचारी सम्पर्क व्यक्तिको रूपमा रहनेछन् ।

शाखा अधिकृत श्री नम्रता गैरे (९८४३९०४६५६), (०१-५०१००४८)
सूचना प्रविधि अधिकृत श्री अनितनाथ कायस्थ (९८४१४९१८१३)
सूचना प्रविधि सहायक श्री कविर नेपाल (९८४३०३१५३९)
इमेल : info.hcpatan@gmail.com

नोटः श्रव्यदृश्य संवाद मार्फत जोडिनको निम्ति आवश्यक Meeting ID / Password अनुसूचीमा उल्लेखित इमेलमा बहस पैरवीका दिन उपलव्ध गरिनेछ।

बोधार्थः-
श्री उच्च अदालत बार एशोसिएशन, ललितपुर
श्री उच्च सरकारी वकिल कार्यालय, ललितपुर
श्री उच्च विशेष सरकारी वकिल कार्यालय, माइतिघर

अनुसूची – २

(दफा ५(१) संग सम्बन्धित)

श्रव्यदृष्य संवाद (Video Conference Hearing) को अनुमतिको लागि

..... अदालतमा चढाएको निवेदन पत्र

..... निवेदक

विरुद्ध

..... विपक्षी

मुद्दा

मुद्दा नं.: .....

म / हामी निम्न अनुसारको निवेदन गर्दछौ।

..... वादी

..... प्रतिवदी भएको

मुद्दामा हिरासतमा राख्ने आदेश/थुनछेक/वयान/वकपत्र/वहस पैरवीसमेतका कार्य श्रष्यदृष्य संवाद मार्फत सुनुवाई गर्न इच्छुक भएकोले यो निवेदन गर्दछु। श्रव्यदृश्य संवादको प्रयोगको लागि मेरो विवरण देहाय बमोजिम रहेको छ।

१. मुद्दाको पेशी मितिः.....

२. सम्पर्क मोवाइल नं. .....

३. वैकल्पिक सम्पर्क नं. .....

४. इमेल ठेगानाः .....

५. श्रव्यदृष्य संवादमा कुन स्थानबाट जोडिने हो सो उल्लेख गर्दिनुहोला ।

(स्वदेशबाट भए जिल्ला वा विदेशबाट भए देशको नाम उल्लेख गर्दिनुहोला)

.....

लेखिएको व्यहोरा साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

.....

ईति सम्वत .....साल .....महिना .....गते रोज ..... शुभम्।